# नगर महिला तथा बालबालिका समन्वय समिति संचालन कार्यविधि, २०७५

**प्रमाणिकरण मितिः २०७५।१०।२१**

<u>**प्रस्तावना**</u> : महिला बालबालिका, अपाङ्गता र जेष्ठनागरिकको संचालन सम्बन्धी विषयमा आवश्यक नीतिगत व्यवस्था गर्ने तथा कार्यक्रम अनुगमन कार्यलाई मार्गदर्शन एंव समन्वयको लागि नगर महिला तथा बालबालिका समन्वय समितिको गठन गरिने छ।

१. <u>**नगर महिला तथा बालबालिका समन्वय समिति देहाय अनुसार हुनेछ**</u> :-

(क) संयोजक : तारकेश्वर नगरपालिकाको नगर प्रमुख

(ख) सं.संयोजक : तारकेश्वर नगरपालिकाको उप प्रमुख

(ग) सदस्य : प्रमुख प्रशासकिय अधिकृत

(घ) सदस्य : महिला बालबालिका तथा सामाजिक विकास समिति

(ङ) सदस्य : कार्यपालिका सदस्य मध्ये बाट २जना मनोनित (म/पु)

(च) सदस्य सचिव : नगर महिला तथा बालबालिका शाखा प्रमुख समितिले आवश्यकता अनुसार शाखा प्रमुख एंव विषयविज्ञलाई आमन्त्रित गर्न सक्नेछ।

२. <u>**नगर महिला तथा बालबालिका समन्वय समितिको काम, कर्तव्य र अधिकार**</u> :-

(क) महिला, बालबालिका,जेष्ठ नागरिक एवं अपाङ्गताको लागि नीतिगत व्यवस्था गर्ने।

(ख) महिला,बालबालिका,जेष्ठ नागरिक एवं अपाङ्गताको कार्यक्रम माग योजना कार्यान्वयन लागि निर्णय गर्ने ।

(ग) नगर महिला तथा बालबालिका शाखाले संचालन गरेका कार्यक्रमको प्रतिवेदन माथि विश्लेषण गरी आवश्यक निर्देशन दिने।

(घ) महिला, बालबालिका, जेष्ठ नागरिक एवं अपाङ्गता कार्यक्रमहरुको अनुगमन गरि नगर महिला तथा बालबालिका शाखालाई मार्गदर्शन गर्ने।

(ङ) स्थानिय स्तरबाट महिला तथा बालबालिका सम्बन्धी माग भएका प्रस्तावित कार्यक्रम स्वीकृतीको लागि सिफारिस गर्ने।

(च) नगरपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने गराउने।

(छ) नगरपालिकाको कार्यक्षेत्र भित्र महिला तथा बालबालिका, जेष्ठनागरिक र अपाङ्गताको क्षेत्रमा विभिन्न संस्थाहरुको संचालित कार्यक्रमको समन्वय तथा अनुगमनको व्यवस्थापन गर्ने ।

३. **समितिको वैठक सम्वन्धी कार्यविधि** :-

(क) नगर महिला तथा बालबलिका समन्वय समितिको वैठक नगरपालिका प्रमुखको अध्यक्षतामा कम्तिमा २ महिनाको १ पटक बस्नेछ । साथै आवश्यकता परेमा जुनसुकै समयमा प्रमुखसंग समन्वय गरि वोलाउन सकिनेछ ।

(ख) बैठक व्यावस्थापन (स्टेसनरी, बैठक भत्ता, खाजा, यातायात, विविध) खर्च नगरपालिकाको वार्षिक स्वीकृत वजेट नगरपालिकाको कार्यक्रम संचालन खर्च मापदण्ड अनुसार हुनेछ ।